वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय
कृषि बिकास निर्देशनालय

फोन नं. : ०४७-५२०१६६,
०४७-५२१०४२
९८५४०४२१६६

# कृषि ज्ञान केन्द्र

सिन्धुली

नेपाल

## खडा अवस्थाका रुखहरुको काठ दाउरा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको बढाबढ सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२२

कृषि ज्ञान केन्द्र, सिन्धुलीको कार्यालय तथा कर्मचारी आवास परिसरमा रहेका सुकेका, सुक्न आटेका, बुढो तथा ढल्न लागेका सिसौं र अन्य जातका समेत गरी जम्मा २३ वटा रुखहरुको तपसिल बमोजिम जे जस्तो अवस्थामा छन सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछ्यान एवम घाटगद्धी गरी डिभिजन वन कार्यालय, सिन्धुलीको टाँचा/विमार्का गरी सहमती पश्चात स्थानतरण इजाजत लिई लैजान पाउने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक संघसंस्था, फर्म वा कम्पनीले यो सूचना सिन्धुली सौगात राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फाराम खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिलः

| सि.नं. | रुखको जात | किसिम | थान | मूल्यांकन परिमाण (अनुमानित) | दर (रु) | न्यूनतम रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सिसौ | रुख | २० | २८९.२५ क्यु.फि. | ७००/- | २,०२,४७५/- | |
| २. | सिसौ | दाउरा | | १.४२ चट्टा | १२,०००/- | १७,०४०/- | |
| ३. | अन्य(कदम, अशोक) | रुख | ३ | ८९.७१ क्यु.फि. | १००/- | ८,९७१/- | |
| ४. | अन्य(कदम, अशोक) | दाउरा | | ०.३८ चट्टा | ४०००/- | १,५२०/- | |
| न्यूनतम मूल्यांकित जम्मा रकम रु. | | | | | | २,३०,००६/- | |

लिलाम प्रक्रियामा सहभागी हुँदा पुर्‍याउनु पर्ने/गर्नुपर्ने शर्तहरुः

१. बोलपत्र खरिद गर्नुपर्ने र दाखिला गर्नुपर्ने मिति र समय,
   - सूचना प्रकाशन भएको मितिबाट २१ औं दिन(मिति २०७९/०६/११ गतेसम्म) कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्नुपर्नेछ।
   - सूचना प्रकाशन भएको २२ औं दिन दिन(मिति २०७९/०६/१२ गते)को १२:०० बजे भित्र बोलपत्र दाखिला गर्नुपर्नेछ।

२. बोलपत्र फाराम कृषि ज्ञान केन्द्र, सिन्धुलीबाट प्राप्त गर्न सकिनेछ।

३. बोलपत्र फाराम कृषि ज्ञान केन्द्र, सिन्धुलीमै दाखिला गर्नुपर्नेछ।

४. बोलपत्र खरिद गर्नका लागि राजस्व शिर्षकः १४२२९ (कार्यालय कोड ३१२०१२५०२३ (कृषि ज्ञान केन्द्र, सिन्धुलीमा रु. १०००/- (पछि फिर्ता नहुने रकम) जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी लिन सकिनेछ।

५. सिलबन्दि बोलपत्र पेश गर्दा आफूले कबोल गरेको अंकको १०% ले हुन आउने रकम राष्ट्रिय बाणिज्य बैंक, सिन्धुली स्थित प्रदेश धरौटी खर्च खाता १०६०१००२०२०३०००० मा (कार्यालय कोड नं. ३१२०१२५०२३) नगदै जम्मा गरेको दोस्रो प्रति सक्कल भौचर पेश गर्नुपर्नेछ।

६. खडा अवस्थामा नै लिलाम बढाबढ हुने वन पैदावार(रुख)हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा कार्यालय समयभित्र आइ हेर्न सकिनेछ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
सिन्धुली
नेपाल

फोन नं. : ०४७-५२०१६६,
०४७-५२१०४२
९८५४०४२१६६

७. लिलाम बढाबढमा सहभागी हुन ईच्छुक फर्म वा कम्पनीका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्रको छायाँकपी, संस्था दर्ता प्रमाण पत्रको छायाँकपी, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नं.( VAT/ PAN) दर्ताको छायाँकपी, कर चुक्ता प्रमाण पत्रको छायाँकपी बोल पत्र फारामसाथ पेश गर्नुपर्नेछ।

८. रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मिति २०७९/०६/१२ गते दिउसो १:३० बजे कृषि ज्ञान केन्द्र, सिन्धुलीको बैठक कक्षमा खोलिनेछ।

९. खडा रुखहरु लिलाम बढाबढ स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर तथा प्रदेश शुल्क बुझाई भौचर पेश भए पश्चात कटान, मुछान एवम घाटगद्धी गर्ने स्विकृति दिइनेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्दछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

११. खडा रुखहरुको लिलाम बिक्री भएकाले अनुमानित मूल्यांकन परिमाण भन्दा घटी परिमाण उत्पादन भएमा सकारकर्ताले सकार रकम भन्दा घटी हुन आएको रकम मागदावी गर्न पाउनेछैन । तर मूल्यांकन परिमाण भन्दा बढि भएको अवस्थामा बढी हुनेपरिमाणको रकम (मूल्य अभूबृद्धी कर समेत) सकार भन्दा बढी रकम दाखिला गर्नुपर्नेछ ।

१२. सकार कर्ताले कटान, मुछान एवम घाटगद्धी गर्दा कार्यालय परिसरमै घाटगद्धी गर्नुपर्नेछ । उक्त काठ दाउरा उत्पादन भएपछि डिभिजन वन कार्यालय, सिन्धुलीको प्राविधिक कर्मचारीहरुबाट नापजाँच गरी टाँचा लगाए पश्चात मात्र कार्यालय परिसरबाट उठाइ लैजानुपर्नेछ ।

१३. सकार कर्ताले खडा अवस्थामा रहेका रुखहरु कटान, मुछान एवम घाटगद्धी गर्दा सो कार्यमा संलग्न कामदारहरुलाई चोटपटक, घाइते, अपाङ्ग वा मृत्यु भएमा सो को जिम्मेवारी सकारकर्तामै रहनेछ साथै रुखहरु कटान गर्दा कार्यालय भवन, आवास गृह, कार्यालयको पर्खाल, अन्य भौतिक संरचना समेतमा र मानवीय हानी नोक्सानी नहुने गरी कटान गर्नुपर्नेछ । कटानको क्रममा कुनै भौतिक तथा मानवीय क्षती भएमा सोको जिम्मेवारी सकारकर्ताले वहन गर्नुपर्नेछ।

...............................
सुजन अंगाई
प्रमुख (अधिकृतस्तर नवौं)